Dignified Menstruation Campaign Nepal
मर्यादित महिनावारी अभियान नेपाल
dmcampaignnepal@gmail.com +977-9847439656 DignifiedMenstruationNepal

मिति : २०८१/१०/०९

**प्रेस विज्ञप्ति**

## विवाहको उमेर २० वर्ष नै कायम राखौं, मर्यादित महिनावारीलाई सुनिश्चित गरौं

नेपालको संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, तथा मानव अधिकार सम्बन्धी समितिको मार्गनिर्देशनले बालविवाह रोक्न विवाहको न्यूनतम उमेर २० वर्ष राख्नुपर्ने आवश्यकता प्रस्ट रूपमा अघि सारेको छ। तर हाल विवाहको उमेर २० वर्षबाट घटाएर १८ वर्ष बनाउने प्रस्तावले किशोरीहरूको शिक्षा, स्वास्थ्य, मानसिक र शारीरिक परिपक्वता, तथा मानव अधिकारमा गम्भीर असर पुऱ्याउने जोखिम छ । यसले किशोरीहरूको भविष्यलाई असुरक्षित बनाउने मात्र होइन, गरिबीको चक्रलाई गहिरो बनाउन सक्दछ साथै समग्र विकासमा पनि असर गर्दछ ।

बालविवाहले किशोरीहरूको मर्यादा, स्वायत्तता, आफ्नै शरीर र जीवनका विषयमा निर्णय गर्न सक्ने क्षमतालाई कमजोर बनाउँछ । यसले किशोरीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा दीर्घकालीन नकारात्मक प्रभाव पार्छ। बालविवाहका कारण मातृ मृत्यु दर र नवजात शिशु मृत्यु दर बढ्नुका साथै महिलाहरूमा गम्भीर स्वास्थ्य समस्याहरू देखा पर्न सक्छन्। साथै, यसले किशोरीहरूको शिक्षा र रोजगारीका अवसर गुमाउने जोखिम बढाउँछ, जसले उनीहरूको जीवनमा समान अवसरहरू प्राप्त गर्न बाधा पुऱ्याउँछ ।

यसका अतिरिक्त, मर्यादित महिनावारी सुनिश्चित गर्नु किशोरीहरूको शारीरिक तथा मानसिक परिपक्वताका लागि महत्वपूर्ण छ। महिनावारीसँग सम्बन्धित लाज, विभेद, र हिंसाको अन्त्य बिना किशोरीहरूले आफ्नो जीवनमा समान अवसर प्राप्त गर्न सक्दैनन् । विवाहको उमेर घटाउनुले मर्यादित महिनावारी अभियानलाई पनि कमजोर बनाउँछ, किनभने यो किशोरीहरूको अधिकार र गरिमाको लागि गरिएको प्रयासमा अवरोध खडा गर्दछ।

त्यसैले, मर्यादित महिनावारी अभियान नेपालको तर्फबाट हामी सरकारलाई विवाहको उमेर २० वर्ष नै कायम राख्न, किशोरीहरूको शारीरिक, मानसिक, र सामाजिक कल्याणलाई प्राथमिकता दिन, र मर्यादित महिनावारीलाई नीति तथा कार्यक्रममा समेट्न अपिल गर्दछौं। किशोरीहरूको सुरक्षित भविष्य सुनिश्चित गर्न यी कदमहरू अत्यावश्यक छन ।

समिर परियार
संयोजक
मर्यादित महिनावारी अभियान नेपाल